# कृषि वस्तु निर्यात प्रवर्द्धनका लागि सःशर्त व्याज अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७०

पृष्ठभुमि :

नेपालको अन्तरिम संविधान, २०६३ को भाग ४ मा राज्यको दायित्व निर्देशक सिद्धान्त तथा नीतिहरुको व्यवस्था भई धारा ३५ मा राज्यका विभिन्न नीतिहरुको उल्लेख गरी सो को उपधारा (६) मा "राज्यले किसानलाई प्रोत्साहन गरी कृषि क्षेत्रमा उत्पादकत्व बढाई कृषिमा आधारित अधिकांश नागरिकको आर्थिक उन्नति हुने अवस्थाहरुको सिर्जना गरी कृषिलाई उद्योगको रुपमा विकास गर्ने छ" उल्लेख भए अनुसार कुल राष्ट्रिय निर्यातको परिमाणमा बृद्धि गर्ने उद्देश्यले नेपाल सरकारबाट आ.ब.२०७०/०७१ देखि कृषि उत्पादन तथा निर्यात व्यवसायमा संलग्न व्यक्ति, संस्था, कम्पनी, निर्यातकर्ताहरुलाई व्याज अनुदान उपलब्ध गराउन सो कार्य सञ्चालन गर्न स्विकृत बार्षिक कार्यक्रममा रकमको व्यवस्था गरिए अनुसार निर्यात प्रवर्द्धनका लागि निजी क्षेत्र, बैदेशिक रोजगारीबाट फर्किएका र बेरोजगार, स्नातक तथा व्यवसायीबाट प्रस्ताव आहवान गरी व्याज अनुदान उपलब्ध गराउने प्रकृयालाई सरल, सहज एवं पारदर्शी बनाउन वाञ्छनीय भएकोले राष्ट्रिय कृषि नीति, २०६१ एवं कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३ को अधिनमा रही नेपाल सरकार, कृषि विकास मन्त्रालयले यो "कृषि वस्तु निर्यात प्रवर्द्धनका लागि सःशर्त व्याज अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७०" स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद- १

## प्रारम्भिक

१. संक्षित नाम र प्रारम्भ : (१) यो कार्यविधिको नाम "कृषि वस्तु निर्यात प्रवर्द्धनका लागि सःशर्त व्याज अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७०" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कृषि वस्तु" भन्नाले वाली, वागवानी, पशुपंक्षी, माछा लगायतका कृषिका सबै उप क्षेत्रबाट उत्पादित वस्तु सम्झनुपर्छ र सो शव्दले उक्त वस्तुहरुबाट प्रशोधित वस्तु समेतलाई जनाउनेछ ।

(ख) "निर्यातकर्ता" भन्नाले प्रचलित कानुन बमोजिम नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भई कृषि उपज निर्यात गर्ने व्यक्ति, संघ, संस्था, सहकारी संस्था, कम्पनी एवं निजी फर्म सम्झनुपर्छ ।

(ग) "प्रस्तावक" भन्नाले यस कार्यविधि बमोजिम व्याज अनुदान लिनको लागि प्रस्ताव पेश गर्ने व्यक्ति वा संस्था सम्झनुपर्छ ।

(घ) "व्याज" भन्नाले प्रचलित कानुन बमोजिम नेपाल भित्र स्थापना भई सञ्चालनमा रहेका बैंक तथा वित्तीय संस्थाहरुबाट निर्यातयोग्य कृषि वस्तु उत्पादन तथा निर्यात प्रवर्द्धनलाई आवश्यक पर्ने पुँजीमा गरिएको लगानीको व्याज सम्झनुपर्छ ।

(ङ) "कार्यक्रम" भन्नाले कृषि वस्तु निर्यात प्रवर्द्धन कार्यक्रम सम्झनुपर्छ ।

(च) "मूल्यांकन उपसमिति" भन्नाले दफा ४ को उपदफा (३) बमोजिम गठीत उपसमिति सम्झनुपर्छ ।

(छ) "उपसमिति" भन्नाले यसै कार्यविधिको दफा ४ को उपदफा (३) बमोजिम गठीत मूल्यांकन उपसमिति सम्झनुपर्छ ।

(ज) "समिति" भन्नाले दफा ५ को उपदफा (१) बमोजिम गठीत अनुदान निर्देशन समिति सम्झनुपर्छ ।

(झ) "स्नातक" भन्नाले हालसालै स्नातक वा स्नातोकोत्तर तहको अध्ययन समाप्त गरेका व्यक्ति सम्झनुपर्छ ।

(ञ) "आयोजना अवधि" भन्नाले कर्जा लिएको बैंकले तोकेको ऋण चुक्ता गर्ने अवधिलाई सम्झनुपर्छ ।

परिच्छेद- २

## व्याज अनुदान उपलब्ध गराउने आधार तथा विधि

३. व्याज अनुदान उपलब्ध गराइने आधारहरुः (१) यस कार्यविधी अनुसार निर्यातयोग्य अदुवा, चिया, कफि, अलैंची, व्यवसायिक नर्सरी, पुष्प खेती, जुस उत्पादन, पल्प प्रशोधन, च्याउ उत्पादन, वीउ उत्पादन, तरकारी, फलफुल, लगायत पशुपंक्षीजन्य उत्पादन तथा प्रशोधन कार्यको लागि पूँजीमा लाग्ने व्याजमा अनुदान दिईनेछ ।

(२) कृषि वस्तुको निर्यात प्रवर्द्धनका लागि प्रस्तावकले आफ्नो योजना अनुसार वित्तीय संस्थाहरुबाट पूँजीगत ऋण लिई उत्पादन वा प्रशोधन कार्य गरेमा अपेक्षित निर्यात परिमाणको आधारमा यस्तो ऋणको ब्याजमा पूर्ण वा आंशिक रुपमा अनुदान दिन सकिनेछ ।

(३) प्रस्तावकले आफ्नो आयोजना अनुसार वित्तीय संस्थाहरुबाट पूँजीगत ऋण लिई नयाँ व्यवसाय स्थापना गर्नका लागि निजले लिएको ऋणको व्याज अनुदान स्वरुप उपलब्ध गराइनेछ ।

(४) कृषि वस्तु उत्पादन तथा निर्यात गर्न चाहने प्रस्तावकलाई लाभ लागतको आधारमा प्रतिवर्ष निजले लिएको शुरु ऋण रकमको बढीमा नौ प्रतिशत वा पच्चीस लाखसम्म व्याज अनुदान उपलब्ध गराइनेछ ।

(५) आयोजनाको अवस्था हेरी न्यूनतम एक त्रैमासिक र अधिकतम बाह्र त्रैमासिक (तीन वर्ष) सम्मको लागि अनुदान रकम उपलब्ध गराईनेछ । सो अर्न्तगत प्रस्तावकलाई पहिलो चार त्रैमासिक (पहिलो वर्ष) लाग्ने व्याजको शत प्रतिशत, त्यसपछिको चार त्रैमासिक (दोस्रो वर्ष) देखि कार्य आयोजनाको प्रगतिको आधारमा र त्यसपछिको चार त्रैमासिक (तेस्रो वर्ष) निर्यात परिमाणको आधारमा व्याज अनुदान प्रदान गरिने छ । त्यस्तो आयोजनाको अवधि तीन वर्ष भन्दा बढी भएमा वा सञ्चालनमा आउन सो भन्दा बढी अवधि लाग्ने भएमा पनि चौथो वर्ष देखि व्याज अनुदान रकम उपलब्ध गराईने छैन ।

(६) पहिलो बर्ष व्याज अनुदान उपलब्ध गराईएको प्रस्तावकलाई दोस्रो र तेस्रो बर्ष अनुदान दिन प्राथमिकता दिइने छ । स्वीकृत बजेट बाँडफाँड गर्दा पहिले छनोट भएका प्रस्तावकहरुलाई व्याज अनुदान दिई बाँकी रहने रकम मात्र नयाँ प्रस्तावकहरुलाई दिइने छ ।

४. व्याज अनुदान उपलब्ध गराइने विधिः (१) यस कार्यविधि बमोजिम व्याज अनुदान रकम प्राप्त गर्न चाहने प्रस्तावकलाई आयोजनाको अवधारणा पेश गर्न कार्यक्रमबाट राष्ट्रिय स्तरको पत्रिकामा तीस दिनको म्याद दिई सूचना प्रकाशित गरिनेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचना अनुसार व्याज अनुदान प्राप्त गर्न चाहने प्रस्तावकले अनुसूची- १ बमोजिमको आयोजनाको अवधारणा निर्धारित समय भित्र कार्यक्रममा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पर्न आएका अवधारणाहरुको मूल्यांकन गरी अनुदान निर्देशन समिति समक्ष सिफारिश गर्न निम्न बमोजिमको मूल्यांकन उपसमिति गठन गरिनेछ ।

क. प्रमुख, कृषि वस्तु निर्यात प्रवर्द्धन कार्यक्रम - संयोजक

ख. सम्बन्धित अधिकृत, कृषि वस्तु निर्यात प्रवर्द्धन कार्यक्रम - सदस्य

ग. लेखा प्रमुख, कृषि वस्तु निर्यात प्रवर्द्धन कार्यक्रम - सदस्य

घ. प्रतिनिधि, कृषि विभाग - सदस्य

ङ. प्रतिनिधि, पशु सेवा विभाग - सदस्य

(४) उपसमितिले आवश्यकता अनुसार बढीमा २ जना विशेषज्ञहरु आमन्त्रण गर्न सक्नेछ ।

(५) उपसमितिले अनुसूची- २ मा उल्लेख भए बमोजिमको मूल्यांकनको आधारहरुमा आयोजनाको अवधारणाहरुको मूल्यांकन गरी योग्यताक्रमका आधारमा समिति समक्ष छनौट गर्न उपयुक्त प्रस्तावकहरुको नामावली सिफारिश गर्नेछ ।

(६) उपसमितिले गरेको सिफारिशका आधारमा समितिले प्रस्तावहरुको पहिलो सूची स्वीकृत गर्नेछ ।

(७) कार्यक्रमले पहिलो सूचीमा छनौट भएका प्रस्तावकहरुको नामावली प्रकाशन गर्नेछ ।

(८) पहिलो सूचीमा छनौट भएका प्रस्तावकले नामावली प्रकाशन भएको मितिले तीन महिना भित्र देहाय बमोजिमका कागजातहरु संलग्न गरी कार्यक्रममा पूर्ण प्रस्ताव पेश गर्नु पर्नेछ ।

(क) उद्योग/व्यवसाय सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी र सो प्रमाणपत्र नविकरण भएकोमा सो नविकरण भएको प्रमाणको प्रतिलिपी,

(ख) कर दर्ता/चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) प्रस्तावित कार्ययोजनाको विस्तृत विवरण, लागत सहितको आयोजनाको पूर्ण प्रस्ताव,

(घ) बैंकको सिफारिश पत्र,

(ङ) जि.कृ.वि.का/जि.प.से.का को सिफारिश पत्र ।

(९) उपदफा (८) बमोजिम पर्न आएका पूर्ण प्रस्तावहरुको मूल्यांकन अनुसूची-२ मा उल्लेखित मूल्यांकनको आधारहरुमा उपसमितिले विस्तृत प्रस्ताव मूल्यांकन गर्नेछ ।

(१०) उपसमितिले प्रस्तावहरु मूल्यांकनका आधारमा योग्यताक्रम तोकी प्रस्तावकको नामावली र व्याज अनुदान रकम समिति समक्ष सिफारिश गर्नेछ ।

(११) उपसमितिको सिफारिशका आधारमा समितिले व्याज अनुदान दिन प्रस्तावकको नाम तथा रकम स्वीकृत गर्नेछ । कार्यक्रमले सो बमोजिमको सूचना प्रकाशित गर्नेछ ।

(१२) यस कार्यविधि बमोजिम व्याज अनुदान उपलब्ध गराउन कार्यक्रम, छनौट भएका प्रस्तावक र लगानीकर्ता बैंक तथा वित्तीय संस्थाबीच त्रिपक्षीय सम्झौता गरिनेछ ।

## परिच्छेद-३

## अनुदान निर्देशन समितिको व्यवस्था

५. अनुदान निर्देशन समिति सम्बन्धी व्यवस्था: (१) अनुदान उपलब्ध गराउने सम्बन्धमा आवश्यक निर्णय तथा निर्देशनका लागि देहाय बमोजिमको एक अनुदान निर्देशन समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) महानिर्देशक | कृषि विभाग | -संयोजक |
| (ख) उप महानिर्देशक | पशु सेवा विभाग | - सदस्य |
| (ग) कार्यक्रम निर्देशक | कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालय | - सदस्य |
| (घ) प्रतिनिधि | अर्थ मन्त्रालय | - सदस्य |
| (ङ) प्रतिनिधि | खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | - सदस्य |
| (च) प्रतिनिधि | व्यापार तथा निर्यात प्रवर्द्धन केन्द्र | - सदस्य |
| (छ) प्रतिनिधि | कृषि उद्यम केन्द्र | - सदस्य |
| (ज) प्रतिनिधि | बैंकर्स एसोसिएसन | - सदस्य |
| (झ) प्रतिनिधि | निर्यातमूलक व्यवसायीको तर्फबाट | - सदस्य |
| (ञ) कार्यक्रम प्रमुख | कृषि वस्तु निर्यात प्रवर्द्धन कार्यक्रम, कृषि विभाग | - सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रस्तावक छनौट गर्न मूल्यांकन फारम स्वीकृत गर्ने ।

(ख) दोस्रो र तेस्रो बर्षका लागि प्रगति मूल्याङ्कनका आधारहरु तय गर्ने ।

(ग) उपसमितिबाट मूल्यांकन भई सिफारिश भई आएको प्रस्ताव तथा व्याज अनुदान रकम स्वीकृती दिने ।

(घ) आवश्यकता अनुसार कार्यक्षेत्रगत शर्त सहितको कार्यदल गठन गरी कार्य सम्पादन गराउने ।

(ङ) अनुदान दिने कृषि वस्तुको सूची थपघट गर्ने ।

(३) समितिले आवश्यकता अनुसार बढीमा २ जना विषय विशेषज्ञ तथा सम्बन्धित संस्थाका प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) समितिको सचिवालय कृषि वस्तु निर्यात प्रवर्द्धन कार्यक्रम, कृषि विभागमा रहनेछ ।

## परिच्छेद-४

## व्याज अनुदान रकम भुक्तानी एवं विविध

६. अनुदान रकम माग तथा भुक्तानी सम्वन्धी व्यवस्था : (१) व्याज अनुदानका लागि प्रस्ताव स्वीकृत भइसकेपछि त्रैमासिक रुपमा प्रगतिको आधारमा व्याज अनुदान उपलव्ध गराइनेछ ।

(२) व्याज अनुदान प्रदान गर्नको लागि भएको सम्झौता बमोजिम छनौट भएका प्रस्तावकले उपदफा (१) बमोजिमको रकम प्राप्त गर्नका लागि त्रैमासिक रुपमा निवेदन पेश गर्नु पर्नेछ । व्याज अनुदान माग गर्दा ऋण लगानी भएको बैंक तथा वित्तीय संस्थाको सिफारिश सहित आयोजनाको प्रगतिको विवरण समेत पेश गर्नु पर्नेछ ।

(३) स्वीकृत प्रस्तावकबाट पेश भएको विवरण, बैंक तथा वित्तीय संस्थाको सिफारिश, प्रगति विवरण, सो आयोजनाका सम्वन्धमा कुनै अनुगमन भएको भए सो अनुगमन प्रतिवेदन समेतको आधारमा कार्यक्रमबाट प्रचलित आर्थिक ऐंन तथा नियमको अधिनमा रही व्याज अनुदान रकम भुक्तानी गरिनेछ ।

७. अनुगमन सम्बन्धी व्यवस्था : (१) कार्यक्रमले व्याज अनुदान प्राप्त गरेका प्रस्तावकहरुको आकस्मीक रुपमा अनुगमन गर्न सक्नेछ । समय-समयमा कृषि विकास मन्त्रालय, कृषि विभाग, पशु सेवा विभाग, सम्बन्धित क्षेत्रीय निर्देशनालयहरु, जिल्ला कृषि विकास कार्यालय र जिल्ला पशु सेवा कार्यालयबाट समेत अनुगमन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा व्याज अनुदान प्रदान गरिएका प्रस्तावकहरुको कार्ययोजना अनुसारको प्रगति हेरिनेछ र बैंकको सुझाव समेतलाई मध्यनजर गरिनेछ ।

८. सजाय सम्बन्धी व्यवस्था : प्रस्तावकले सम्झौता अनुसार पालना गर्नु पर्ने शर्तहरु विपरित कार्य गरेमा देहाय बमोजिमका एक वा सो भन्दा बढी सजाय गर्न सकिनेछ :

(क) लिखित रुपमा सचेत गराउने,

(ख) निश्चित अवधि तोकेर सुधार गर्नु पर्ने शर्तहरुको बारेमा अवगत गराउने,

(ग) अव उपरान्त यस किसिमको व्याज अनुदान रकम उपलव्ध नगराउने सूची तयार गरी राख्ने,

(घ) व्याज अनुदान रकम रोक्का गर्ने ।

९. विविध : (१) कृषि विकास मन्त्रालय अन्तर्गतका अन्य निकायहरुबाट निर्यात प्रवर्द्धनका लागि व्याज अनुदान दिनु पर्दा यसै कार्यविधिलाई आधार मानिनेछ ।

(२) यस कार्यविधि कार्यान्वयनमा केही बाधा व्यवधान आइपरेमा वा द्विविधा उत्पन्न भएमा कृषि विकास मन्त्रालयबाट भएको व्याख्या एवं निर्णय अन्तिम हुनेछ ।

१०. कार्यविधिमा संशोधन तथा थपघटः (१) नेपाल सरकार, कृषि विकास मन्त्रालयले आवश्यकता अनुसार यो कार्यविधिमा संशोधन तथा थपघट गर्न सक्नेछ ।

अनुसूचि- १

<u>आयोजनाको अवधारणा</u>

१. प्रस्तावकको पूर्ण विवरण :

व्यक्ति/संस्थाको नाम : ठेगाना :

फोन नं : ईमेल :

२. प्रस्तावकको वर्ग :

बेरोजगार ( ) बैदेशीक रोजगारीबाट फर्किएका ( )

स्नातक ( ) अन्य ( )

३. प्रस्तावकको तर्फबाट सर्म्पक व्यक्ति :

नाम : ठेगाना :

फोन नं : इमेल :

४. आयोजनाको पूर्ण विवरण :

नाम : ठेगाना :

उत्पादन/प्रशोधन हुने वस्तु : बार्षिक परिमाण :

आयोजनाको पूँजीगत लगानी गरी उत्पादन/प्रशोधन भै निर्यात शुरु हुन लाग्ने अवधि :

अनुमानित लागत (रु.) : बैंकबाट ऋण लिन चाहेको रकम (रु.) :

खर्च अनुमान (वार्षिक रु.) : आम्दानी अनुमान (वार्षिक रु.) :

५. रोजगारी अभिबृद्धि (पूर्ण रोजगारी संख्या) :

६. कच्चा पदार्थको व्यवस्थापन :

७. प्राविधिक जनशक्तिको आवश्यकता र व्यवस्थापन विवरण :

८. आयोजना अवधिमा सरकारलाई बुझाउने अनुमानित राजश्व रकम (रु.मा) :

९. लगानी फिर्ता हुने अवधि (महिना) :

१०. आयोजना सञ्चालनबाट निर्यात परिमाणमा हुने अपेक्षित वृद्धि र सो को दिगोपनाको सम्भावना :

११. सम्भाव्यता अध्ययन सम्बन्धी प्रमुख सूचकहरु :

१२. व्यवसाय गर्न चाहनेको शैक्षिक योग्यता, सिप तथा तालिम :

(नोट : अवधारणा पत्र घटीमा दुई पानाको नेपालीभाषामा लेखिएको हुनु पर्नेछ । माग गरिएको विवरणहरु संक्षेपमा प्रस्तुत गर्नु पर्नेछ ।)

अनुसूचि - २

## मूल्यांकनको आधारहरु

प्रस्तावकले पेश गरेका कागजातहरुलाई निम्न अंक विभाजन सहितको मूल्यांकनका आधारमा मूल्यांकन गरिनेछ ।

| क्र. सं | आधार | पूर्णाङक | प्राप्ताङ्क | पूर्ण प्रस्ताव मूल्यांकनका विस्तृत आधारहरु |
|---|---|---|---|---|
| १. | सम्भावित उत्पादन तथा निर्यात परिमाणमा हुने अभिवृद्धि (रु.मा) | २० | | वार्षिक प्रति १० लाख- २ अंक<br>(बढीमा २० अंक) |
| २. | सम्भाव्यताको विवरण<br>(वित्तीय+प्राविधिक+वातावरणीय+सामाजिक) | १० | | >२ BCR र अन्य सूचकबाट सम्भाव्य- १० अंक<br>१-२ BCR र अन्य सूचकबाट सम्भाव्य- ६ अंक<br><१ BCR र अन्य सूचकबाट सम्भाव्य- ३ अंक |
| ३. | बार्षिक मूनाफा (रु.मा) | १० | | वार्षिक ५० लाख भन्दा बढी- १० अंक<br>वार्षिक २५-५० लाख सम्म- ८ अंक<br>वार्षिक ५-२५ लाख सम्म- ६ अंक<br>वार्षिक <५ लाख- ४ अंक |
| ४. | सरकारलाई प्राप्त हुने राजश्व रकम (बार्षिक रु.मा) | १० | | वार्षिक प्रति लाख- १ अंक<br>(बढीमा १० अंक) |
| ५. | रोजगारी अभिवृद्धि (पूर्ण रोजगारी संख्यामा) | १० | | २० जना भन्दा बढी - १० अंक<br>१०-२० जना सम्म - ६ अंक<br>१० जना भन्दा कम - ३ अंक |
| ६. | व्यवसाय गर्न चाहनेको शैक्षिक योग्यता, सिप तथा तालिम | १० | | शैक्षिक योग्यता वापत- ५ अंक (पूर्णाङक)<br>प्रस्तावक आफै स्नातक भएमा- ५ अंक<br>प्रस्तावक आफै प्रमाणपत्र तह/ स्नातक व्यक्ति नियुक्त गरेमा- ४ अंक<br>प्रस्तावक आफै एस.एल.सी/ प्रमाणपत्र तह व्यक्ति नियुक्त गरेमा- ३ अंक<br>प्रस्तावक एस.एल.सी भन्दा कम- २ अंक<br>तालिम/सिप तथा दक्षता वापत- ५ अंक (पूर्णाङक)<br>प्रस्तावक आफै दक्ष वा विषय सम्बन्धी तालिम लिएको भएमा- ५ अंक<br>प्रस्तावकले दक्ष व्यक्ति वा तालिम प्राप्त व्यक्ति नियुक्त गरेमा- ३ अंक |
| ७. | उत्पादन तथा निर्यातको दिगोपनाको सम्भावना | १० | | प्रचुर सम्भावना- १० अंक<br>मध्यम सम्भावना- ६ अंक<br>न्यून सम्भावना- ३ अंक |
| ८. | कच्चा पदार्थको व्यवस्थापन | १० | | आसपासको क्षेत्रबाट पर्याप्त कच्चा पदार्थ- १० अंक<br>देशभित्र टाढाको क्षेत्रबाट आपूर्ति- ८ अंक<br>छिमेकीमूलूकबाट कच्चा पदार्थको आपूर्ति- ६ अंक<br>तेस्रो मूलूकबाट कच्चा पदार्थको आपूर्ति- ४ अंक |
| ९. | प्रस्तावकको प्राथमिकीकरण<br>(वैदेशिक रोजगारीबाट फर्किएका/ वेरोजगार/स्नातक/अन्य) | १० | | वैदेशिक रोजगारीबाट फर्किएका बेरोजगार स्नातक-१० अंक<br>वैदेशिक रोजगारीबाट फर्किएका वेरोजगार- ८ अंक<br>बेरोजगार स्नातक - ६ अंक<br>बेरोजगार- ४ अंक<br>अन्य- २ अंक |
| | कुल जम्मा | १०० | | |

नोटः प्रस्ताव आव्हान गर्नु पूर्व अनुदान निर्देशन समितिले प्रस्ताव मूल्याङ्कन प्रयोजनको निमित्त मूल्याङ्कन फाराम स्वीकृत गर्ने छ ।